# कान्क्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❒ वर्ष : २५ ❒ अंक : ३१२ ❒ आइतवार, ७ भदौ, २०८३ ❒ Sunday, 23 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०


# भूकम्पपछि पहिरोले थपेको पीडा

❒ कान्क्रेविहार संवाददाता
सुर्खेत, ६ भदौ

जाजरकोटको भेरी नगरपालिका-२ रिसाङकी कली कामी अहिले विद्यालय नजिक बनेको सेल्टरमा आश्रय लिईरहेकी छन् । वृद्धाअवस्थाकी कलीको अस्थायी टहरा थियो ।

साउन ३० गतेको अविरल वर्षापछि गाउँमा गएको पहिरोले उनको अस्थायी टहरा बगायो । उनीसहित एक नातिनी र एक नातीले ज्यान जोगाए । घरमा भएका गाई, कुखुरा, बाख्रा र सम्पत्ति पहिरोमै बिलिन भयो ।

भूकम्पले जोखिम बनेको घर पुनर्निमाण गर्न नपाउँदै अस्थायी रुपमा बसोबास गर्न बनेको टहरा नै पहिरोले भत्काईदिएपछि विपदबाट 'आफूले जति पीडा कसैले भोग्नु नपरोस्' भन्ने उनी कामना गर्छिन् । "दुई बर्षअघिको चिसोमा भुइँचालोले दुख दियो, अहिलेको बर्खामा पहिरोले घरबारविहीन बनायो," कलीले भनिन्, "मेरो जस्तो पीडा भोग्न कसैले नपरोस्, भुइँचालोले भत्किएको घर बनाउन सकिएको थिएन । त्यहीमाथि पहिरोले साँघुरो टहरा पनि बगाईदियो ।"

रिसाङकै कुमारी विकको परिवार चार जना छोराछोरीसहित सकारी तथा दातृ निकायले बनाईदिएको तत्कालिन सेल्टरमा बसिरहेका छन् ।

२०८० को भूकम्पले चर्किएको घर पनि यो बर्षको पहिराले बगाईदिएपछि उनीहरुसँग सेल्टरमा बस्नुको उपाय रहेन । "घरमा भएको केही पनि बाँकी रहेन, भाग्यले परिवारको ज्यान बच्यो," कुमारीले भनिन्, "अहिले यहाँ त लुगा पनि अरुले दिएको लगाउनुपरेको छ, के गर्ने र कसो गर्ने भन्ने उपाय नै छैन ।"

सपना वलीको परिवारमा १० जना सदस्य छन् । पहिराले बसोबास गरिरहेको घर र जग्गा बगाईदियो । अहिले अस्थायी रुपमा व्यवस्थापन गरिएको त्रिपालमुनि उनको परिवार बसेको छ । सम्पत्ति र घर पहिरोमा पुरिएपछि उनको परिवार पनि तत्काल राज्य र दातृ निकायको सहायतामा दिन काटिरहेका छन् ।

सोही गाउँका लालबहादुर थापाको परिवार पनि सेल्टरमै बसेको छ । उनको घरमा क्षति पुगेको त छैन, तर पूर्णरुपमा जोखिममा छ । घर वरपर र माथीको भाग चिराचिरा भएको छ । कतिबेला फेरि जमिन बग्छ र घर पुर्छ भन्ने चिन्ता छ । "अहिलेसम्म यसरी कहिल्यै जमिन भासिएको थिएन, मेरो मात्र होइन वरिपरिका सबै घर जोखिममा छन्," उनी भन्छन्, "ज्यान जोगाउन सरकारले अस्थायी रुपमा व्यवस्था गरेको ठाउँमा आएका छौं, हामीलाई तत्कालै सुरक्षित ठाउँमा स्थायी रुपमा व्यवस्थापन गरिदिएको भए हुन्थ्यो ।"

२०८० कात्तिकमा आएको भूकम्पले निम्त्याएको समस्या समाधान हुन नपाउँदै प्रभावितहरु फेरि पहिरोबाट पीडित बनेका छन् । भूकम्पले चर्किएर जोखिम बनेका घरहरु पनि अब फेरि पहिरोले बगाउने जोखिम बढेको छ ।

गएको साउन ३० गते अविरल बर्षापछि आएको पहिरोले जाजरकोटको भेरी नगरपालिका-२ रिसाङ गाउँ र स्याला गाउँका अधिकांश वासिन्ता प्रभावित बनेका छन् । रिसाङमा पहिरोमा परि चार जनाको मृत्यु भएको छ । ११ जना घाईते भएका छन् ।

पहिरोले घरबारविहीन बनेका र जोखिममा रहेका परिवारलाई विद्यालय र अन्य अस्थायी संरचनामा राखिएको छ । भेरी नगरपालिका-२ स्यालामा रहेका विजया बाँकी पृष्ठ २



## स्वास्थ्य समस्याबाट झन पीडित

जाजरकोटमा पहिरोका कारण विस्थापित भएर अस्थायी सेल्टरमा बसिरहेकाहरुमा स्वास्थ्य समस्या देखिन थालेको छ । दुषित खानेपानीका कारण उनीहरु स्वास्थ्य समस्याबाट झन पीडित बनेका छन् । उनीहरुमा रुघाखोकी र ज्वरोका लक्षण देखिएका छन् । एउटै स्थानमा धेरै संख्यामा बसेको मानिसहरुको खानेपानीको स्रोत दुषित हुँदा स्वास्थ्य समस्या देखिएको चेकजाँचमा सहभागी स्वास्थ्यकर्मीहरुको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार अस्थायी शिविरमा बसिरहेका विस्थापितहरुमा पछिल्ला दिनमा स्वास्थ्य समस्या देखिन थालेको हो । पहिरोका कारणसुरक्षित स्थानमा सारिएका नागरिकको स्वास्थ्य अवस्थालाई प्राथमिकतामा राखेर परीक्षण तथा उपचार सुरु गरिएको उनले बताए । उनका अनुसार सम्बन्धित भेरी नगरपालिका, कर्णाली प्रदेश अस्पताल, विकास साझेदार संस्था लगायत निकायबाट स्वास्थ्यकर्मीहरुले नियमित जाँच गरिरहेका छन् ।

विपदबाट विस्थापितहरुमा स्थास्थ्य समस्या देखिँदा ५० शय्याको जिल्ला अस्पतालमा भने पर्याप्त चिकित्सक छैनन् । जाजरकोट अस्पतालमा लामो समयदेखि चिकित्सकको अभाव भएपछि तत्काल बाँकी पृष्ठ २

## पुग्यो भूगर्भविदसहितको टोली

पहिरो प्रभावित क्षेत्रमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोली पुगेको छ । उनीहरु बुधबार भेरी नगरपालिका-२ रिसाङस्थित पहिरो प्रभावित क्षेत्रमा पुगेको हो । पहिरोबाट भएको क्षतिको स्थलगत निरीक्षण तथा प्रभावित नागरिकको अवस्था बुझ्न प्राधिकरणको टोली बुधबार प्रभावित क्षेत्रमा पुगेको हो । प्रतिनिधिसभा सदस्य खड्कबहादुर बुढा पनि टोलीसँग प्रभावित क्षेत्रमा पुगेका छन् ।

जिल्ला प्रशासन कार्यालयका अनुसार प्राधिकरणका उपसचिव सुरेश सुनार, भूगर्भविद डा. प्रकाश पोखरेल, लेखराज भट्ट, शाखा अधिकृत निरन्जनप्रकाश निरौला, इञ्जिनियर जगदिश विष्ट, मेटेरियोलोजिष्ट राजन लामिछानेसहित ८ जनाको टोली उक्त क्षेत्रमा पुगेर स्थलगत अध्ययन तथा निरीक्षण गरिरहेका छन् ।

प्रतिनिधि सभा सदस्य बुढासहित प्राधिकरणको टोलीले रिसाङ गाउँमा पुगेर पहिरोबाट प्रभावित नागरिकसँग भेटघाट गर्दै उनीहरुको तत्कालीन आवश्यकता तथा जोखिमको अवस्थाबारे जानकारी लिएको छ । टोलीले भेरी नगरपालिकाका वडा नं १, २, ३ र ४ का विभिन्न पहिरो प्रभावित तथा जोखिमयुक्त क्षेत्रको स्थलगत निरीक्षण गर्नेछ । टोलीले बाँकी पृष्ठ २

## बलात्कारीलाई फाँसीको माग गर्दै प्रदर्शन



❒ कान्क्रेविहार संवाददाता
काठमाडौं, ६ भदौ

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ की ३ वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या घटनामा दोषीलाई कडा कारबाहीको माग गर्दै काठमाडौंमा प्रदर्शन गरिएको छ ।

शनिबार काठमाडौंको शान्तिबाटिका तथा आसपासका क्षेत्रमा र्‍यालीसहित प्रदर्शन गरिएको हो ।

प्रदर्शनकारीहरूले बालिका गरिमा चौधरीलाई न्याय दिनुपर्ने र बलात्कार जस्ता जघन्य अपराधमा संलग्नलाई फाँसीको सजाय हुने कानुन बनाउनुपर्ने माग गरेका छन् ।

प्रदर्शनका क्रममा सहभागीहरूले 'बलात्कारीलाई फाँसी दे', 'गरिमालाई न्याय दे' लगायतका नारा लगाएका थिए ।


सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।


## जलवायु तथा विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तीन दिने आधारभूत तालिम सम्पन्न



❒ कान्क्रेविहार संवाददाता
सुर्खेत, ६ भदौ

सहकर्मी समाजको आयोजना तथा भेरीगंगा नगरपालिकाको समन्वय र सहकार्यमा जलवायु तथा विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तीन दिने आधारभूत तालिम सम्पन्न भएको छ ।

तालिम भदौ ४ गतेदेखि ६ गतेसम्म सञ्चालन भएको हो ।

भेरीगंगा नगरपालिकाका नगरप्रमुख श्री यज्ञप्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको तालिममा नगरपालिकाअन्तर्गतका १३ वटै वडाबाट छनोट भएका २६ जना युवा स्वयंसेवकको सहभागिता रहेको थियो ।

तालिमको मुख्य उद्देश्य स्थानीय समुदायमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी आधारभूत ज्ञान तथा सीप अभिवृद्धि गर्नुका साथै विपद्का समयमा तत्काल उद्धार, प्राथमिक उपचार तथा प्रभावकारी प्रतिकार्य गर्न सक्ने दक्ष युवा स्वयंसेवक तयार गर्नु रहेको थियो ।

तीन दिने तालिमका क्रममा सहभागीहरूलाई विपद् जोखिम न्यूनीकरण चक्र तथा सम्बन्धित शब्दावली, प्राथमिक उपचारको परिचय, बिरामीको प्रारम्भिक अवस्था मूल्याङ्कन, जलन, नाकबाट रगत बग्ने समस्या, श्वासप्रश्वाससम्बन्धी समस्या तथा सीपीआर, घाँटीमा वस्तु अड्किने अवस्था, रक्तस्राव तथा आघात, घाउ, ब्यान्डेज, हड्डी भाँचिएको अवस्थामा गरिने प्राथमिक उपचार तथा घाइतेलाई सुरक्षित रूपमा उठाउने र स्थानान्तरण गर्ने विधि लगायतका विषयमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो ।

तालिममा सहभागी स्वयंसेवकहरूलाई विपद्का विभिन्न बाँकी पृष्ठ ४

## भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा छ : मन्त्री रावल

❒ कान्क्रेविहार संवाददाता
कैलाली, ६ भदौ

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा रहेकाले सोहीअनुसार स्थानीय तहले सहयोग गर्नुपर्ने बताएकी छन् ।

कैलालीको धनगढी उपमहानगरपालिकामा शनिबार आयोजित कार्यक्रममा उनले अव्यवस्थित बसोबासी, भूमिहीन परिवारलाई लालपुर्जा वितरणका लागि आवश्यक सहजीकरण तथा समन्वयका लागि सरकार सम्पूर्ण रूपमा तयार रहेको बताइन् ।

मन्त्री रावलले विकासका अन्य गतिविधिजस्तै भूमिसम्बन्धी समस्या समाधानलाई पनि उच्च प्राथमिकतामा राखेर काम गर्न धनगढी



उपमहानगरपालिकालाई आग्रह गरिन् ।

यसअघि भूमि समस्या समाधान समिति कैलालीको बैठकमा उनले ६०० दिनभित्र लालपुर्जा वितरण गरिसक्ने गरी सरकारले काम गरिरहेको जानकारी दिँदै जिल्लाका सबै पालिकामा समस्या समाधानका लागि सहजीकरण गर्न समितिलाई आग्रह गरिन् । मन्त्री रावलले भूमि समस्या समाधान कार्यका लागि आवश्यक स्रोतसाधन, जनशक्ति उपलब्ध गराउन सरकार तयार रहेको बताइन् ।

समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले कैलालीमा चाँडै लालपुर्जा वितरण गर्ने तयारीबारे छलफल भएको जानकारी दिए । मन्त्री रावल कैलाली र कञ्चनपुरमा विभिन्न कार्यक्रममा सहभागी हुने कार्यतालिका रहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

## सम्पादकीय

# कर्णालीलाई उज्यालो बनाउने लक्ष्य पूरा होस्

कर्णालीमा राष्ट्रिय प्रसारण प्रणालीमार्फत ७४.३० प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुग्नु सकारात्मक उपलब्धि हो । लामो समयदेखि विद्युत्को अभाव भोग्दै आएको कर्णालीका लागि यो तथ्यांक आशाको संकेत पनि हो । तर ७४ प्रतिशतमा विद्युत् पुगेको तथ्यसँगै अझै ठूलो भूगोल र जनसंख्या राष्ट्रिय प्रसारण प्रणालीको पहुँचबाहिर रहेको वास्तविकतालाई पनि सरकारले गम्भीर रूपमा लिन आवश्यक छ । कर्णालीका ७१८ वडामध्ये ८२ वटा पूर्ण र ४७२ वटा आंशिक रूपमा राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन् । अझै १६४ वडामा राष्ट्रिय प्रसारण लाइन पुग्न बाँकी छ । सरकारले केही वर्षअघि पहिचान गरेको एक लाख एक हजार १८७ विद्युतीकरण हुन बाँकी घरधुरीमध्ये अहिले करिब १० हजार घरधुरी मात्र बाँकी रहेको दाबी गरेको छ । यो प्रगति उत्साहजनक भए पनि बाँकी रहेका घरधुरी र बस्ती प्रायः दुर्गम तथा कठिन भूगोलमा रहेका कारण अन्तिम चरणको विद्युतीकरण चुनौतीपूर्ण हुने देखिन्छ ।

यही कारण राष्ट्रिय प्रसारण लाइन पुग्न नसक्ने क्षेत्रमा लघु जलविद्युत्, सौर्य मिनीग्रिड र घरेलु सौर्य प्रणालीमार्फत विद्युत् पुऱ्याउने सरकारको नीति व्यवहारिक देखिन्छ । हाल २०९ वटा लघु तथा साना जलविद्युत् आयोजनाबाट ६ हजार ७१९ किलोवाट विद्युत् उत्पादन भई ६४ हजारभन्दा बढी घरधुरी लाभान्वित हुनु तथा २३ वटा सौर्य मिनीग्रिडबाट थप पाँच हजारभन्दा बढी घरधुरीमा पहुँच पुग्नु यसका सकारात्मक उदाहरण हुन् । तर विद्युतीकरणलाई केवल तार र पोल विस्तारको विषयमा सीमित गर्नु हुँदैन । विद्युत् पुगेपछि त्यसको नियमित, भरपर्दो र गुणस्तरीय आपूर्ति सुनिश्चित गर्नु अर्को महत्वपूर्ण पक्ष हो । करोडौँ रुपैयाँ खर्च गरेर संरचना निर्माण गर्ने तर नियमित मर्मत, व्यवस्थापन र सेवा विस्तारमा कमजोरी हुने हो भने विद्युतीकरणको वास्तविक उद्देश्य पूरा हुँदैन ।

सुर्खेत–दैलेख १३२ केभी प्रसारण लाइन, चुप्रा सबस्टेशन तथा दैलेख–कालिकोट–जुम्ला प्रसारण लाइनजस्ता आयोजना समयमै सम्पन्न गर्न सरकारको विशेष ध्यान आवश्यक छ । त्यस्तै सात जिल्लामा निर्माण भइरहेका सबस्टेशन तथा वितरण लाइनको कामलाई पनि तोकिएको समय र गुणस्तरअनुसार अघि बढाउनुपर्छ । कर्णालीको पूर्ण विद्युतीकरणका लागि दुई चरणको योजना अघि सारिनु स्वागतयोग्य छ । तर योजना बनाउनु मात्र पर्याप्त हुँदैन । संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, पर्याप्त बजेट, प्राविधिक जनशक्ति र नियमित अनुगमन आवश्यक हुन्छ । कर्णालीको विद्युतीकरण विकासको आधार हो । विद्युत् पुगेपछि शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, कृषि र रोजगारीका अवसर विस्तार गर्न सहज हुन्छ । त्यसैले अब सरकारको प्राथमिकता 'कति घरमा बिजुली पुग्यो' भन्ने तथ्यांकमा मात्र सीमित नभई 'पुगेको बिजुलीले नागरिकको जीवनमा कति परिवर्तन ल्यायो' भन्ने परिणाममा केन्द्रित हुनुपर्छ । कर्णालीलाई पूर्ण उज्यालो बनाउने लक्ष्य अब घोषणा होइन, समयबद्ध र प्रभावकारी कार्यान्वयनमार्फत पूरा गर्न आवश्यक छ ।

# विवेक गुमाउँदै समाज, जिम्मेवारीबाट पन्छिँदै राज्य



डा. अबुल हुसेन अन्सारी

पहिलो रङ खुसी, आशा, ऊर्जा, ज्ञान, बुद्धि र समृद्धिको प्रतीक हो । नेपालका लागि पहेँलो धान र गहुँका बाला लहरिने मधेश प्रदेश पनि खुसी, आशा, ऊर्जा, ज्ञान, बुद्धि र समृद्धिको प्रतीक नै हो । तर, विभिन्न बहानामा बेला–बखत मधेशलाई अशान्त पार्ने खेल वर्षौंदेखि हुँदै आएको छ ।

शान्त मधेशका जनतालाई विभाजित र खण्डित बनाउन अशान्तिका बाछिटा छ्याप्ने काम भइरहनु दुःखद हो । यसको पछिल्लो उदाहरण केही दिनपहिले सुनसरीको देवानगञ्जबाट सुरु भएको साम्प्रदायिक घटनालाई लिन सकिन्छ ।

देवानगञ्ज गाउँपालिका सुनसरीको सबैभन्दा दक्षिणमा पर्छ । यो पालिकाबाट दक्षिणमा रहेको भारतको फुलकाहा बजार पुग्न जम्मा दुई किलोमिटर मात्र दूरी छ । २०७८ को राष्ट्रिय जनगणनाअनुसार देवानगञ्जको कुल जनसङ्ख्या ३९ हजार ३ सय ६७ छ, जसमा मेहता (कुशवाहा) जातिको उल्लेख्य उपस्थिति छ ।

यहाँ यादव, मुसलमान, गडेरी, मुसहर, उराँव, धानुक, मलाह, बाँतर, भगत, कलवार, तत्मा, पासवान, सुडी, थारु, तेली, नेवारलगायत करिब ४५ जातजातिको बसोबास छ । १० वटा भाषा बोलिने यो पालिकामा मुख्य रूपमा हिन्दु र त्यसपछि इस्लाम धर्मावलम्बीहरूको बाहुल्य छ ।

समग्रमा हेर्दा यो पालिका विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहेको एउटा सुन्दर फूलबारी हो । जुन फूलबारीमा आफ्नै अस्तित्व बोकेका सामाजिक र धार्मिक मूल्य–मान्यताहरूले सुगन्ध छरिरहेका हुन्छन् । तर, यही पालिकामा जे घटना घट्यो, त्यसले सिङ्गो देशलाई स्तब्ध बनाइदियो । देवानगञ्ज–३ को कप्तानगञ्जस्थित शिव मन्दिर आसपासबाट घटनाको सुरुवात भएको हो ।

कप्तानगञ्ज भारतीय सीमाबाट डेढ किलोमिटर मात्रै दूरीमा छ । त्यहाँ बेलाबखत धार्मिक तथा सांस्कृतिक मेलाहरू भइरहेका हुन्छन् । तराईमा हिन्दु धर्मावलम्बीहरूले साउन महिनाभर भगवान् शिवप्रति आस्था व्यक्त गर्दै बोलबम मनाउँछन् र सप्तकोशीको जल ल्याएर शिव मन्दिरमा चढाउने गर्छन् ।

भोलिपल्ट सोमबार भएकाले आइतबार साँझ सप्तकोशीको जल लिन एउटा समूह यात्रामा निस्कने तयारीमा थियो । त्यहाँ ठूलो आवाजमा डिजे बजाइएको थियो । साउनको चर्को गर्मी, त्यसमाथि बत्ती गएको अवस्था थियो । त्यही बेला अर्को पक्षका केही युवाहरू घरबाहिर निस्केका थिए ।

सुत्ने बेलामा आफूहरूको घरटोलतिर माइक फर्काएर नियतवश हल्ला (डिस्टर्ब) गर्न खोजेको भन्दै उनीहरूले डिजे बन्द गर्न आग्रह गरे । यही सामान्य विवादले त्यहाँ खटिएका प्रहरीकै अगाडि उग्र रूप लियो । दुई समूहबीच हानाहानको स्थिति सिर्जना भयो ।

प्रहरीको सक्रियतामा डिजे बन्द गर्न लगाउने समूह त फर्कियो, तर डिजे बजाउने टोली आक्रोशित बन्यो । उनीहरू र प्रहरीबीच नै झडपको अवस्था सिर्जना भयो, जसले गर्दा प्रहरी हवाई फायर गर्नुपर्ने अवस्थामा पुग्यो । एकैछिन अगाडि उत्सवमय बनेको देवानगञ्ज हेर्दाहेर्दै रणमैदानमा परिणत भयो ।

अवस्था भयावह बनेपछि सरकारले स्थिति नियन्त्रणमा लिन तत्काल प्रयास गर्नुपर्ने थियो, तर त्यसो हुन सकेन । मधेशमा साम्प्रदायिक द्वन्द्व भएको यो पहिलोपटक भने होइन; यसअघि पनि थुप्रै पटक यस्तै प्रकृतिका घटना घटेका छन् । तर, सरकार मधेशका विषयमा कहिल्यै गम्भीर देखिँदैन । यतिबेला त देशको प्रधानमन्त्री पनि मधेशले नै जन्माएको पुत्र छन्, तर उनमा पनि गम्भीरता देखिएन ।

द्वन्द्व निकै अघि बढेपछि मात्र सरकार गम्भीर बन्यो । यसअघि वि.सं. २०२७/२८ सालतिर पञ्चायती व्यवस्थाको समयमा रौतहटमा 'गाई काण्ड' नामले परिचित घटना भएको थियो । मुसलमान समुदायले गाई काटेको हल्ला फैलिएसँगै उक्त घटना घटेको थियो, जुन आज पनि 'गाई काण्ड'कै रूपमा चर्चित छ ।

त्यसपछि वि.सं. २०६३ पुस १० र ११ गते नेपालगञ्जमा दङ्गा भयो । नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले अन्तरिम संविधानको विरोधमा तराई बन्द गऱ्यो । बन्दका क्रममा सवारीसाधन तोडफोड भएपछि स्थानीय स्तरमा पहाडी र मधेशी समुदायबीच तनाव बढ्यो । उक्त घटना यति उग्र बन्यो कि एक युवकले ज्यान गुमाउनुका साथै २६ जना घाइते भए । स्थानीय प्रशासनले कर्फ्यु आदेश नै जारी गर्नुपऱ्यो ।

पछि आक्रमणको मुख्य निसानामा मुस्लिम समुदायका बजार, पसल र मस्जिदहरू परे । त्यस्तै, वि.सं. २०६४ भदौ ३० देखि असोज ४ गतेसम्म कपिलवस्तुको चन्द्रौटामा ठूलो साम्प्रदायिक हिंसा भड्कियो । स्थानीय मुस्लिम नेता मोहित खानको हत्यापछि त्यहाँ द्वन्द्व सिर्जना भएको थियो ।

भदौ ३० गते बालपुरमा अज्ञात बन्दुकधारी समूहले गोली हानी उनको हत्या गरिदिएको थियो । खानका समर्थकहरूले उनको हत्याको आक्रोशमा पहाडी समुदायको सम्पत्तिमाथि आक्रमण गरेका थिए । उक्त हिंसा साम्प्रदायिक द्वन्द्वमा परिणत हुँदा १४ जनाले ज्यान गुमाएका थिए ।

मानवीयताको खोजी र धार्मिक सहिष्णुता

माथिका घटनाहरू त केही प्रतिनिधि उदाहरण मात्र हुन् । नेपालमा यसरी साम्प्रदायिक हिंसा थुप्रै पटक घटेका छन् । यस्तो हुनुको मुख्य कारण मानवीय चेतनाको अभाव नै हो । नेपाल र नेपाली समाजले सधैँ गर्व गर्ने विषय यहाँको धार्मिक तथा सांस्कृतिक विविधता र आपसी सहिष्णुता हो ।

यहाँ विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू शताब्दीयौँदेखि हातेमालो गर्दै एकै आँगनमा बस्दै आएका छन् । तर, पछिल्लो समय घटेका यस्ता घटनाले हाम्रो गौरवशाली सामाजिक सद्भावमा आँच पुऱ्याउने काम गरिरहेका छन् । त्यसैले देवानगञ्ज घटनालाई जोडेर दुई समुदाय वा धर्मबीच द्वन्द्वको बीउ रोप्नु वा यसलाई साम्प्रदायिक रङ दिनु हुँदैन ।

यसबाट पाठ सिकेर आगामी दिनमा यस्ता घटना दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गर्नुपर्दछ । यस्ता हिंसामा जसले ज्यान गुमाए पनि नेपाली दाजुभाइकै ज्यान जाने हो; जसको कोख रित्तिए पनि नेपाली आमाकै कोख रित्तिने हो । यस्ता घटनाहरूले कुनै पनि समस्याको समाधान गर्दैनन्, उल्टै समाजमा अनावश्यक तिक्तता, डर र अविश्वास मात्रै फैलाउँछन् ।

अर्को कुरा, कुनै पनि समाजमा धर्म वा जातको नाममा हुने हिंसा वा विवादहरू स्वतः उत्पन्न हुँदैनन् । यसका पछाडि हाम्रो चेतनाको कमी, सङ्कुचित सोच र स्वार्थी तत्त्वको उक्साहट मुख्य रूपमा जिम्मेवार हुन्छ । जब मानिसमा विवेक र चेतनाको दायरा साँघुरिन्छ, तब उसले सत्य र असत्य छुट्याउने क्षमता गुमाउँछ । यस कुरामा इतिहास र शास्त्र साक्षी छन् ।

# सरकारलाई लक्षित गर्दै ओलीले भने– यी बारूलासँग म डराउँदिनँ

कांक्रेविहार संवाददाता

काठमाडौं, ६ भदौ

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार बनेकै दिन आफूलाई पक्राउ गर्ने निर्णय गरिएको दाबी गरेका छन् । शनिबार नगरकोटमा आयोजित पार्टीको जनसंगठन समन्वय संयन्त्र कार्यशालालाई सम्बोधन गर्दै ओलीले रातभर तयारी गरेर बिहानपख आफूलाई गिरफ्तार गरिएको बताए । आफूले विगतमा अनेकौँ चुनौती र राजनीतिक दबाब सामना गरिसकेको उल्लेख गर्दै ओलीले पक्राउ वा कारबाहीबाट आफू नडराउने संकेत गरे ।

'उसलाई थाहा छ, मैले यस्ता बारुला मात्रै होइन, कति अरिङ्गाल, कति बच्छ्यूँ खाएको छ । त्यसकारण



म यी बारुलासँग म डराउँछु भन्ने कुरा उनीहरूलाई पनि थाहा छैन,' उनले भने । ओलीले आफूलाई पक्राउ गरिएको विषयलाई राजनीतिक प्रतिशोधसँग जोड्दै आफूलाई दबाबमा पारेर कमजोर बनाउन खोजिए पनि त्यसबाट आफू नडराउने सन्देश दिएका छन् ।

ओलीले वर्तमान राजनीतिक परिस्थितिप्रति तीव्र असन्तुष्टि जनाउँदै राज्यशक्तिको दुरुपयोग गरेर आफूअनुकूल व्यक्तिलाई लक्षित गर्ने काम भइरहेको आरोप लगाए । ओलीले कसैलाई पाता कस्न, कसैलाई जेल हाल्न, बदनाम गर्न तथा कसैको सम्पत्तिमा आँखा लगाएर जफत गर्नेसम्मका गतिविधि भइरहेको दाबी गरे ।

## भूकम्पपछि...

प्राथमिक विद्यालय र रिसाडमा रहेको त्रिभुवन आधारभूत विद्यालयमा उनीहरूलाई राखिएको हो । अस्थायी सेल्टरमा बस्नुपर्दा बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा सुत्केरी आमालाई बढी जोखिम देखिएको छ ।

भेरी नगरपालिकाका प्रमुख चन्द्रप्रकाश घर्तीका अनुसार पीडितपरिवारलाई तत्कालका लागि खाना, लत्ताकपडा, स्वास्थ्य किट्स लगायतका राहत सामग्री वितरण भइरहेको छ ।

जिल्ला प्रशासन कार्यालयले एकद्वार प्रणालीमार्फत राहत वितरण भइरहेको उनले बताए । राहतका लागि विभिन्न व्यक्ति तथा संघसंस्थाले सहयोग गरिरहेका छन् ।

नगरपालिकाका अनुसार दुई वटा पहिरोबाट १६८ घरधुरीका ८९३ जना प्रभावित भएका छन् । प्रभावित नागरिकका लागि विभिन्न स्थानमा चार वटा अस्थायी शिविर सञ्चालन गरिएको छ । ती शिविरमा १०८ जना बालबालिका, ६ जना सुत्केरी र पाँच जना गर्भवती रहेका छन् । पहिरोले घर तथा अस्थायी आवासमा ठूलो क्षति पुगेको नगरप्रमुख घर्तीले जानकारी दिए ।

उनका अनुसार भूकम्पपछि निर्माण गरिएका १३ वटा अस्थायी टहरामा पहिरोले क्षति पुगेको छ । १२ वटा टहरामा आंशिक क्षति पुगेको छ । पहिरोबाट ३१ वटा गोठमा क्षति पुऱ्याएको छ भने ३१ वटा पशुचौपाया मरेका छन् ।

## पुग्यो...

प्रारम्भिक अध्ययनपछि दुई दिनभित्र प्रतिवेदन दिने तयारी गरेको छ । प्रतिनिधिसभा सदस्य बुढाले पहिरो प्रभावित नागरिकको तत्कालीन सुरक्षा र दीर्घकालीन पुनःस्थापनालाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए । उनले भूगर्भ विज्ञको अध्ययनपछि मात्र बस्ती स्थानान्तरण वा पुनःस्थापनाबारे निर्णय गर्नुपर्ने धारणा राखे ।

## स्वास्थ्य...

चिकित्सकको व्यवस्था कर्णाली प्रदेश सरकारसमक्ष आग्रह गरिएको छ । स्वास्थ्य सेवा कार्यालय जाजरकोटका प्रमुख सुनिल पुनका अनुसार चिकित्सक अभावका कारण अस्पतालको सेवा प्रवाहमा समस्या गहिरिँदै गएको छ ।

अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या बढ्दै गए पनि जनशक्ति पर्याप्त नहुँदा नियमित सेवा सञ्चालनमै कठिनाइ भइरहेको उनले बताए । "पहिरोका कारण घाइते तथा विस्थापित नागरिकमा स्वास्थ्य समस्या देखिन थालेपछि जिल्ला अस्पतालमा पनि बिरामीको चाप बढेको छ," उनले भने, "ज्वरो, रुघाखोकी, चोटपटक तथा अन्य स्वास्थ्य समस्या लिएर आउने बिरामीको संख्या बढे पनि सीमित जनशक्तिका कारण प्रभावकारी उपचार सेवा दिन स्वास्थ्यकर्मीलाई कठिन छ ।"

# वैदेशिक व्यापार ३५ प्रतिशतले बढ्यो, व्यापार घाटा १ खर्ब ४८ अर्ब नाघ्यो




कांक्रेविहार संवाददाता
काठमाडौं, ६ भदौ

भन्सार विभागले चालु आर्थिक वर्ष २०८३-८४ को पहिलो महिना साउनको वैदेशिक व्यापार सम्बन्धी प्रारम्भिक तथ्यांक सार्वजनिक गरेको छ। सार्वजनिक तथ्यांक अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको सुरुवात महिनामा नेपालको वैदेशिक व्यापारको आकारमा उल्लेख्य वृद्धि भएको देखिएको छ।

विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्ष २०८३-८४ को पहिलो महिना साउनमा नेपालको कुल वैदेशिक व्यापार ३५.४४ प्रतिशतले वृद्धि भई २ खर्ब २६ अर्ब १४ करोड ७७ लाख ६८ हजार रुपैयाँ पुगेको छ। गत आर्थिक वर्ष २०८२-८३ को सोही अवधि नेपालको कुल वैदेशिक व्यापार १ खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख ९ हजार रुपैयाँ मात्र रहेको थियो।

यस अवधिमा आयाततर्फ ३१.०४ प्रतिशतको वृद्धि भई १ खर्ब ७ अर्ब ४४ करोड ३६ लाख २२ हजार रुपैयाँ बराबरको वस्तु आयात भएको छ। गत वर्षको साउन महिनामा १ खर्ब ४३ अर्ब ४ करोड ६ लाख ६९ हजार रुपैयाँ बराबरको आयात भएको थियो।

त्यसैगरी, निर्याततर्फ ६१.७२ प्रतिशतको वृद्धि देखिएको छ। गत वर्षको साउन महिनामा २३ अर्ब ९३ करोड २४ लाख ४१ हजार रुपैयाँको निर्यात भएकोमा चालू आवको पहिलो महिनामा सो रकम बढेर ३८ अर्ब ७० करोड ४१ लाख ४६ हजार रुपैयाँ पुगेको छ। निर्यातमा वृद्धि भए तापनि आयातको परिमाण उच्च भएका कारण मुलुकको व्यापार घाटा २४.८८ प्रतिशतले वृद्धि भई १ खर्ब ४८ अर्ब ७३ करोड ९४ लाख ७७ हजार रुपैयाँ पुगेको छ, जुन गत वर्ष सोही अवधिमा १ खर्ब १९ अर्ब १० करोड २ लाख २ हजार रुपैयाँ रहेको थियो।

यद्यपि, आयात र निर्यातको अनुपातमा भने १.९७ प्रतिशतले सुधार आई ५.९ बाट घटेर ४.८४ कायम भएको छ। यसैगरी कुल व्यापारमा निर्यातको हिस्सा १४.३३ प्रतिशतबाट बढेर १७.११ प्रतिशत पुगेको छ भने आयातको हिस्सा ८५.६७ प्रतिशतबाट घटेर २.९ प्रतिशतमा झरेको छ।

साउन महिनामा आयात भएका मुख्य वस्तु

चालू आर्थिक वर्षको साउन महिनामा नेपालमा आयात भएका प्रमुख १० वस्तुहरूमा सबैभन्दा अगाडि कच्चा भटमासको तेल रहेको छ। जसको कुल आयात मूल्य १८ अर्ब ४० करोड ४२ लाख ८८ हजार रुपैयाँ रहेको छ।

त्यसैगरी सो अवधिमा दोस्रो धेरै आयात हुने वस्तुमा डिजेल रहेको छ, जसको आयात मूल्य १३ अर्ब ८५ करोड ४५ लाख ४६ हजार रुपैयाँ पुगेको छ भने खाना पकाउने एलपी ग्यास ८ अर्ब ४६ करोड ९२ लाख २९ हजार रुपैयाँ बराबरको भएको छ।

साथै, साउन महिनामा कृषि प्रयोजनका लागि ७ अर्ब ८६ करोड ९३ लाख रुपैयाँ बराबरको डीएपी मल, ६ अर्ब ८८ करोड २४ लाख ९० हजार रुपैयाँ मूल्य बराबरको पेट्रोल, ४ अर्ब ६१ करोड ५५ लाख १६ हजार रुपैयाँ बराबरको कच्चा फलाम, ४ अर्ब ३९ करोड २१ लाख ५४ हजार रुपैयाँ बराबरको युरिया तथा अन्य मल र ३ अर्ब ७ करोड ७ लाख २४ हजार रुपैयाँ बराबरको स्मार्टफोन आयात भएको छ।

साउन महिनामा निर्यात भएका मुख्य वस्तु

साउन महिनामा निर्याततर्फ पनि प्रशोधित भटमासको तेल सबैभन्दा अगाडि रहेको विभागको तथ्यांकले देखाएको छ, जसको आयात पनि सबैभन्दा धेरै रहेको छ। जसको कुल निर्यात मूल्य १७ अर्ब ९९ करोड ३४ लाख ५५ हजार रुपैयाँ पुगेको छ।

त्यस्तै, सो अवधिमा १ अर्ब २९ करोड २९ लाख ३९ हजार रुपैयाँ मूल्य बराबरको प्रशोधित पाम तेल, १ अर्ब २० करोड ७५ लाख ४७ हजार रुपैयाँ बराबरको प्रशोधित सूर्यमुखी तेल र घरायसी तथा भान्छा कोठामा प्रयोग हुने स्टेनलेस स्टिलका सामानहरू १ अर्ब १५ करोड ९० लाख ६४ हजार रुपैयाँ बराबरको निर्यात भएको छ।

साथै, विभागको तथ्यांकले साउन महिनामा जुटबाट उत्पादित कपडा तथा जुटजन्य सामग्रीहरू १ अर्ब ६ करोड ६२ लाख ९५ हजार रुपैयाँ मूल्य बराबरको, नेपाली हस्तकला र परम्परागत ऊनी गलैंचाहरू ८४ करोड ८९ लाख ३१ हजार रुपैयाँ बराबरको, ७० करोड ३३ लाख ४ हजार रुपैयाँ बराबरको पोलिएस्टर धागो र अलैंची ६७ करोड ५२ लाख ८९ हजार रुपैयाँ बराबरको निर्यात भएको छ।

# चार महिनामा विपद्का पाँच हजारभन्दा बढी घटना, २५० जनाको मृत्यु

कांक्रेविहार संवाददाता
काठमाडौं, ६ भदौ



बितेका चार महिनामा देशका विभिन्न भागमा पाँच हजारभन्दा बढी विपद्का घटना भएका तथा तिनमा २५० जनाको मृत्यु भएको छ।

गत वैशाख १ देखि भदौ ५ गतेसम्म देशभर पाँच हजार १४ विपद्का घटना भएका छन्। ती घटनामा २५० जनाको मृत्यु, आठ जना बेपत्ता र एक हजार ६०७ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्बाट उक्त अवधिमा ६ हजार २७२ परिवार प्रभावित भएका छन्।

यस अवधिमा सबैभन्दा बढी आगलागीका एक हजार १३६ घटना भएका छन्। यसैगरी, पहिरोका एक हजार ११, सर्पदंशका एक हजार १०, हावाहुरीका ४८०, चट्याङका २४५, बाढीका २७३ र भारी वर्षाका ३२० घटना भएका छन्।

प्राधिकरणका अनुसार भदौ ५ गते बिहान ११:०० बजेसम्म अद्यावधिक भएको विवरणमा जनावरको आक्रमणका २७२, लेक लाग्ने ५९, हिमपहिरोका दुई, डुङ्गा पल्टिने एक, वन डढेलोका १९१, विस्फोटनको एक, असिनाका चार र भूकम्पका चार घटना भएको उल्लेख छ।

यही भदौ ४ देखि ५ गते बिहान ८:०० बजेसम्मको विवरणअनुसार देशका विभिन्न भागमा ३३ विपद्का घटना भएका छन्। ती घटनामा एक जनाको मृत्यु, एक जना बेपत्ता र २३ जना घाइते भएका छन् भने १४५ जना प्रभावित भएका छन्।

प्राधिकरणले त्यस अवधिमा विपद्का कारण अनुमानित रु नौ लाख ७२ हजार बराबरको क्षति भएको तथा दुई स्थानमा सडक अवरुद्ध भएको जनाएको छ।

# बाढी-पहिरोले जुनीचाँदेमा त्रास, ६० घरधुरी जोखिममा




कांक्रेविहार संवाददाता
जाजरकोट, ६ भदौ

जाजरकोटको जुनीचाँदे गाउँपालिका-६ मा बाढी र पहिरोका कारण करिब ६० घरधुरी जोखिममा परेका छन्। सिर्प, डोग्रा तथा आसपासका बस्तीमा बाढी-पहिरोले जनजीवन प्रभावित भएको छ।

गाउँपालिका अध्यक्ष बेदबहादुर शाहीका अनुसार सिर्क र सेती खोलामा आएको बाढीका कारण सिर्प र डोग्राका करिब ६० घर बस्नै नमिल्ने अवस्थामा पुगेका छन्। केही घरमा क्षतिसमेत पुगेको छ।

बाढी र पहिरोका कारण स्थानीयवासीको आवतजावत प्रभावित हुनुका साथै खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्रीको अभाव हुन थालेको अध्यक्ष शाहीले बताए। बाढीले १५-१६ वटा पानीघट्टसमेत बगाएको उनले जानकारी दिए।

उनका अनुसार शुक्रबार जुनीचाँदे गाउँपालिका-६ डोग्रामा डोग्रा खोला थुनिएर एक्कासि फुट्दा आएको बाढीमा परी ६४ वर्षीय देवबहादुर सिंह बेपत्ता भएका छन्।

शुक्रबार बिहान करिब २ बजे अविरल वर्षाका कारण खोला थुनिएर जम्मा भएको पानी एक्कासि फुटेपछि पानीघट्ट सञ्चालन गर्न गएका सिंह सम्पर्कविहीन भएका अध्यक्ष शाहीले बताए।

यस्तै, सोही वडाको छिर्का टोलकी करिब ३९ वर्षीया रचना थापालाई सेती खोलाले बगाउँदा बेपत्ता भएका छन्। दुवै जनाको खोजी कार्य जारी रहे पनि अहिलेसम्म फेला पार्न नसकिएको जनाइएको छ।

वडाध्यक्ष लक्ष्मीदेवी शाहका अनुसार जोखिममा रहेका ६० घरधुरीका परिवारलाई हालसम्म सुरक्षित स्थानमा सार्न सकिएको छैन। प्रभावित क्षेत्रमा राहत सामग्रीको समेत पर्याप्त व्यवस्था हुन नसकेको उनले बताए।

उनका अनुसार शुक्रबार दिनभर बेपत्ता भएका दुई जनाको खोजी गरिएको थियो। शनिबार सशस्त्र प्रहरीको टोली उनीहरूको खोजीका लागि घटनास्थलतर्फ आउँदै गरेको छ।

बाढीका कारण सडक तथा बाटो अवरुद्ध हुँदा उद्धार र राहतमा थप समस्या भएको छ। नेटवर्क सेवा पनि बिहान-बेलुका मात्र आउने भएकाले सूचना आदानप्रदानमा समस्या भइरहेको वडाध्यक्ष शाहले बताए।

गाउँपालिका अध्यक्ष शाहीले प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि माथिल्लो निकायसँग समन्वय भइरहेको बताए छन्। उनका अनुसार विपद् व्यवस्थापनसम्बन्धी बैठकसमेत बस्ने तयारी भइरहेको छ।

# हुम्लामा आत्महत्याका घटना बढ्दै

कांक्रेविहार संवाददाता
सिमकोट, ६ भदौ



हिमाली जिल्ला हुम्लामा पछिल्ला तीन वर्षयता आत्महत्याका घटना बढ्दै गएको पाइएको छ। विशेषगरी ४० वर्षमुनिका युवायुवती आत्महत्याको घटनामा बढी संलग्न रहेको प्रहरी तथ्याङ्कले देखाएको छ। घरायसी समस्या तथा सामान्य विवादले ठुलो रूप लिँदा आत्महत्याका घटना बढ्दै गएको प्रहरीको भनाइ छ। आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ सम्म आत्महत्याका घटना वर्षेनी बढ्दै गएको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक शंकर खड्काले बताए।

उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा दुई वटा आत्महत्याका घटना भएका थिए। आर्थिक वर्ष २०८१/८२ मा उक्त संख्या बढेर पाँच पुगेको थियो भने गत आर्थिक वर्ष २०८२/८३ मा सात वटा आत्महत्याका घटना भएको प्रहरी प्रतिवेदनमा उल्लेख छ।

तीन वर्षको अवधिमा १२ देखि ४१ वर्ष उमेर समूहका १३ जनाले आत्महत्या गरेका छन्। ५० वर्षभन्दा माथिका एक जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ। जिल्लाका सात स्थानीय तहमध्ये ताँजाकोट, सिमकोट, सर्केगाड, खार्पुनाथ र चंखेली गाउँपालिकामा आत्महत्याका घटना भएका छन्।

प्रहरी प्रतिवेदनअनुसार तीन वर्षको अवधिमा भएका १४ वटा आत्महत्याका घटनामध्ये पाँच वटा सिमकोट गाउँपालिका-७ मा मात्र भएका छन्।

चालु आर्थिक वर्ष २०८३/८४ को साउन २७ गते पनि सिमकोट गाउँपालिका-७ ग्वालेखारका १९ वर्षीय एक युवाले आत्महत्या गरेको प्रहरी निरीक्षक युवराज ढकालले बताए।

पहिले बिरामी तथा उपचारको अभावका कारण मृत्यु हुने घटना बढी हुने हुम्लामा पछिल्ला वर्षमा सामान्य विवादमा समेत आत्महत्याको बाटो रोज्ने प्रवृत्ति बढ्दै गएको जिल्ला अस्पताल हुम्लाका चिकित्सक भीम बुढाले बताए। उनका अनुसार ४० वर्षमुनिका युवायुवतीमा निराशा तथा नकारात्मक भावना बढ्दै जानु आत्महत्याको प्रमुख कारणमध्ये एक हो।

सामाजिक सञ्जालको बढ्दो प्रयोगले पनि आत्महत्याका घटना बढाउन भूमिका खेलेको उनको भनाइ छ।

कुनै पनि व्यक्तिलाई नकारात्मक सोचबाट मुक्त राख्न परिवार तथा समाजले सहयोग गर्नुपर्ने बताउँदै चिकित्सक बुढाले आत्महत्याको सोच बनाउने व्यक्तिले कुनै न कुनै रूपमा संकेत गर्ने भएकाले परिवारका सदस्य चनाखो हुनुपर्ने सुझाव दिए।

वर्षेनी आत्महत्याका घटना बढ्दै जानु समाजका लागि चुनौती भएकाले यसविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उनले बताए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# चार वर्षपछि कर्णाली करिडोरका छ पुल निर्माणको बाटो खुल्यो



❒ काँक्रेविहार संवाददाता
हुम्ला, ६ भदौ

सम्झौता भएको चार वर्षपछि कर्णाली करिडोरअन्तर्गत बाजुरा र हुम्ला जिल्लाका विभिन्न खोला तथा नदीमाथि निर्माण गरिने छ वटा पक्की पुलको निर्माण कार्यले गति लिन थालेको छ। पुलहरूको डिजाइन स्वीकृतिमा लामो समय लागेका कारण रोकिएको निर्माण प्रक्रिया अब अघि बढ्ने भएको हो।

हिल्सा-सिमकोट सडक योजनाका इन्जिनियर कुशल भुसालका अनुसार बाजुराको जुड्डी खोलादेखि हुम्लाको न्यासी खोलासम्म निर्माण गरिने छ वटा पुलमध्ये अधिकांशको डिजाइन हालै सडक विभागबाट स्वीकृत भएपछि निर्माण कार्यको बाटो खुलेको हो।

उनले भने, "डिजाइन एन्ड बिल्ड खरिद प्रक्रियामार्फत निर्माण कम्पनीले पुल निर्माणको जिम्मा लिएको थियो। डिजाइन स्वीकृत गराउनमै धेरै समय लाग्यो। एउटै डिजाइन तीन पटकसम्म संशोधन गरेर पुनः तयार गर्नुपरेको थियो।"

निर्माण गरिने पुलहरू जुड्डी खोला, बुड्डीघाट खोला, कवाडी नदी, गल्फागाड, सलीसल्ला क्षेत्रमा पर्ने कर्णाली नदी तथा सर्केगाड (न्यासी) खोलामा रहेका छन्। तीमध्ये जुड्डी खोला र बुड्डीघाट खोला बाजुरा जिल्लामा पर्छन् भने बाँकी चार वटा पुल हुम्ला जिल्लामा निर्माण गरिनेछन्।

छ वटा पुलमध्ये जुड्डी खोलाको पुलको डिजाइन केही समयअघि नै स्वीकृत भइसकेकाले यसको निर्माण कार्य अहिले तीव्र रूपमा भइरहेको इन्जिनियर भुसालले जानकारी दिए।

उनका अनुसार सलीसल्ला बाहेक अन्य चार वटा पुलको डिजाइन पनि हालै सडक विभागबाट स्वीकृत भइसकेको छ। सलीसल्लास्थित पुलको डिजाइनसमेत तयार भई अन्तिम स्वीकृतिका लागि सडक विभागमा पेश गरिएको छ र दुई साताभित्र स्वीकृत हुने अपेक्षा गरिएको छ।

पुल निर्माणको जिम्मा लुम्बिनी-सिंह जेभीले पाएको छ। हिल्सा-सिमकोट सडक योजनाले उक्त निर्माण कम्पनीसँग २०७९ असार २८ गते सम्झौता गर्दै २०८२ पुस २९ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको थियो।

तर डिजाइन स्वीकृतिमा ढिलाइ हुँदा निर्माण कार्य अघि बढ्न नसकेपछि योजनाले म्याद थप गरी २०८५ असोज ११ गतेभित्र सबै पुल निर्माण सम्पन्न गर्ने व्यवस्था गरेको छ।

यी छ वटा पुल निर्माणका लागि ४५ करोड ३१ लाख ५७ हजार ७५० रुपियाँ लागत अनुमान गरिएको छ।

निर्माण कम्पनीका अनुसार 'डिजाइन एन्ड बिल्ड' प्रक्रियाअन्तर्गतको ठेक्का भएकाले सम्झौता पछिको अधिकांश समय डिजाइन स्वीकृतिमा खर्च भएको थियो।

अब सबैजसो डिजाइन स्वीकृत भइसकेकाले निर्माण कार्य तीव्र रूपमा अघि बढाइने र थपिएको म्यादभित्र सबै पुल निर्माण सम्पन्न गरी हस्तान्तरण गरिने कम्पनीले जनाएको छ।

# सुदूरपश्चिमको बजेटमा बेथितिको चाङ, एउटै पालिकामा २४४ योजना

❒ काँक्रेविहार संवाददाता
कैलाली, ६ भदौ

सुदूरपश्चिम प्रदेश सरकारले बजेट निर्माण र कार्यान्वयनलाई पारदर्शी तथा आवश्यकतामा आधारित बनाउने दाबी गर्दै आए पनि व्यवहारमा भने ठुलो सङ्ख्यामा साना तथा टुक्रे योजना राख्ने प्रवृत्ति अझै हट्न सकेको छैन।

प्रदेश सरकारले आफैँ बनाएको मापदण्डविपरीत न्यून बजेटका योजना धैरै संख्यामा समावेश भएपछि बजेट विनियोजनको प्रक्रिया र त्यसमा हुने राजनीतिक प्रभावमाथि देखिएको छ।

कमलवहादुर शाह नेतृत्वको अघिल्लो प्रदेश सरकारले २५ लाख रुपैयाँभन्दा कम लागतका आयोजना कार्यान्वयन नगर्ने तथा उपभोक्ता समितिमार्फत हुने कामलाई निरुत्साहित गर्ने नीति अघि सारेको थियो। बजेटमा भने ५ देखि १० लाख रुपैयाँसम्मका योजनाको संख्या ठुलो देखिएपछि नीति र कार्यान्वयनबिचको अन्तर दार्चुलाको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयअन्तर्गत रहेका योजनाको विवरणले देखाएको छ।

कार्यालयअन्तर्गत ४८८ योजना रहेकामा ४८४ वटा योजना १० लाख रुपैयाँभन्दा कम बजेटका छन्। १० लाख रुपैयाँभन्दा बढी बजेट भएका योजना चार वटामात्रै छन्। यसरी सयौँ योजना सानो रकममा विभाजन हुँदा बजेट छरिने र त्यसबाट ठोस उपलब्धि हासिल गर्न कठिन हुने देखिन्छ।

दार्चुलाका नौ स्थानीय तहमध्ये शैल्यशिखर नगरपालिकामा मात्रै सिँचाइतर्फ २४४ वटा योजना समावेश गरिएको छ। सिँचाइ क्षेत्रका लागि करिब ३६ करोड ४७ लाख रुपैयाँ विनियोजन गरिएको भए पनि खर्च भने १६.२१ प्रतिशतमा सीमित रहेको विवरण छ। ठुलो संख्यामा योजना राखिए पनि खर्चको गति कमजोर हुनुमा योजना छनोट, कार्यान्वयन क्षमता र अनुगमनबिचको समन्वय अभाव मुख्य कारण हुन सक्ने देखिन्छ।

स्थानीयस्तरमा भने योजना छनोटमा राजनीतिक पहुँच र बिचौलियाको प्रभाव रहने गरेको आरोप लाग्दै आएको छ। प्रदेशबाट योजना पारिदिने नाममा आफूअनुकूल व्यक्तिलाई उपभोक्ता समितिमा राख्ने, योजनाको काम र भुक्तानी प्रक्रियामा प्रभाव पार्ने तथा कमिसनको चलखेल हुने गरेको आरोप स्थानीयले लगाएका छन्।

स्थानीयका अनुसार कतिपय योजनामा काम सुरु हुनुअघि नै उपभोक्ता समिति गठनदेखि बिल मिलाउनेसम्मको सेटिङ हुने गरेको छ। केही योजनामा बजेटको ठुलो हिस्सा वास्तविक काममा खर्च नभई अन्यत्र जाने गरेको आरोपसमेत छ।

धनगढीमा बसेर विभिन्न मन्त्रालय तथा राजनीतिक नेतृत्वसँग पहुँच बनाउँदै योजना बजेटमा पार्ने प्रयास हुने गरेको स्रोतको दाबी छ। सरकार परिवर्तन वा मन्त्री फेरबदलको समयमा आफ्नो पक्षका योजना बजेटमा समावेश गराउन बिचौलियाहरू सक्रिय हुने गरेको बताइन्छ।


## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

*खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## जलवायु...

अवस्थामा अपनाउनुपर्ने सावधानी तथा प्राथमिक उपचारका विधिबारे जानकारी दिनुका साथै घाइते तथा बिरामीको प्रारम्भिक मूल्याङ्कन, रक्तस्राव नियन्त्रण, जलनको प्राथमिक उपचार, सीपीआर, ब्यान्डेज गर्ने तरिका तथा घाइतेलाई सुरक्षित रूपमा उठाएर स्थानान्तरण गर्ने अभ्याससमेत गराइएको थियो।

तालिमबाट प्राप्त ज्ञान तथा सीपले भेरीगंगा नगरपालिकाका १३ वटै वडाका युवा स्वयंसेवकहरूलाई समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन अवस्थामा प्रभावकारी रूपमा परिचालन हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै, स्थानीय तहको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै सुरक्षित, सक्षम तथा उत्थानशील समुदाय निर्माणमा युवा स्वयंसेवकहरूको भूमिका थप प्रभावकारी हुने विश्वास गरिएको छ।

तालिमको समापनका अवसरमा सहभागी युवा स्वयंसेवकहरूले तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई आफ्नो समुदायमा व्यवहारमा उतार्दै विपद्को समयमा मानवीय सहयोग, प्राथमिक उपचार तथा उद्धार कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

तालिमले स्थानीय तहमा उपलब्ध युवा जनशक्तिलाई विपद् व्यवस्थापनसँग जोड्दै समुदायको तयारी, प्रतिकार्य क्षमता र विपद् जोखिम न्यूनीकरणमा स्थानीय सहभागिता अभिवृद्धि गर्ने महत्वपूर्ण आधार तयार गरेको आयोजकले जनाएको छ।









काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)